मधेश प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
पशु पन्छी तथा मत्स्य विकास निर्देशनालय

# भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र

सिराहा

## प्रस्ताव आह्वानको सूचना

**(प्रथम पटक प्रकाशित मिति: २०८०/०८/०१ गते शुक्रवार)**

यस विज्ञ केन्द्रको आ.व. २०८०/८१ को स्वीकृत वार्षिक कार्यक्रम वमोजिम तपसिल अनुसारका कार्यक्रम संचालनका लागि **"कृषि क्षेत्रमा अनुदान परिचालन कार्यविधि, २०७६ (पहिलो संशोधन, २०७७)"** तथा सम्वन्धित कार्यक्रमको प्राविधिक मापदण्ड तथा संचालन विधि अनुरुप तपसिल बमोजिम लागत साझेदारीमा संचालन गर्न ईच्छुक कृषक उद्यमी व्यवसायिक फार्महरुले देहाय बमोजिमका कागजात सहित १५ औ दिन (मिति २०८०/०८/१५ शुक्रवार) सम्म कार्यालय समय भित्र सिलबन्दी प्रस्ताव दर्ता गर्नु हुन यो सूचना प्रकाशन गरिएको छ। रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश हुन नसक्ने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ। सूचना बमोजिमको अवधि नाघी प्राप्त भएका प्रस्तावहरु उपर कुनै कारबाही हुने छैन र त्यस्ता प्रस्तावहरु नखोली सम्बन्धित प्रस्तावदातालाई फिर्ता गरिनेछ। यस सम्बन्धमा थप जानकारीका लागि कार्यालयको फोन नं. ०३३-५२०००८ वा कार्यक्रम संयोजक अधिकृत छैठौं, प्रा.(ला.पा. डे.डे.) श्री बिरेन्द्र कुमार यादवलाई मोबाईल नं. ९८४२९६६७२३/९८१३३१२२२८ मा सम्पर्क गर्नु हुन अनुरोध छ।

## तपसिल

**कार्यक्रमको विवरण**

| क्र.स | कार्यक्रमको नाम | ईकाई | परिमाण | प्रति कार्यक्रम अनुदान रकम | साझेदार अनुदानग्राही |
|---|---|---|---|---|---|
| क. | निजि, सार्वजनिक, सहकारी सँघ संस्थाको साझेदारीमा दुध संकलन तथा चिस्यान केन्द्र स्थापनाको लागि अनुदान सहयोग कार्यक्रम। | संख्या | ३ | रु. ५ लाख (लागत साझेदारी: ५०%) | स्थानीय तह तथा सम्वन्धित निकायमा दर्ता भएका नीजि व्यवसायी, व्यवसायी सँघ संस्था, कृषक समूह समिति, व्यवसायिक फार्म संचालक, पशुपन्छीजन्य उत्पादक, संकलन, प्रशोधन तथा विविधिकरणमा लागेका उद्यमी। |
| ख. | करारमा घाँसको बेर्ना/विउ/सेट्स उत्पादन कार्यक्रम | संख्या | ५ | रु. १ लाख (लागत साझेदारी: ५०%) | सहकारी संस्था, कृषक, कृषक समूह वा व्यवसायिक फर्म |

**देहाय:**

| निजि, सार्वजनिक, सहकारी सँघ संस्थाको साझेदारीमा दुध संकलन तथा चिस्यान केन्द्र स्थापनाको लागि अनुदान सहयोग कार्यक्रम। | करारमाघाँसको बेर्ना/विउ/सेट्स उत्पादनकार्यक्रम |
|---|---|
| १. रु. १० को टिकट टाँस गरी फा.न. २ अनुसारको प्रस्ताव/आवेदन।<br>२. व्यक्तिको हकमा निजको र कानूनवमोजिम दर्ता भएका समूह, सहकारी, व्यवसायिक नीजि फार्मको प्रस्तावमा हस्ताक्षर गर्ने आधिकारिक व्यक्तिको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि।<br>३. व्यावसायिक फार्म/समूह/सहकारी/नीजिफार्म/उद्योगीको सम्वन्धित निकायमा दर्ता भएको दर्ता प्रमाण पत्रको प्रतिलिपि, स्थायी लेखा नम्बर (PAN) प्रमाणपत्रको प्रतिलिपि।<br>४. कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि।<br>५. तालिम, शैक्षिक योग्यताका प्रमाणपत्रका प्रतिलिपिहरु।<br>६. फा.नं. ३ अनुसारको संक्षिप्त कार्ययोजना।<br>७. व्यवसाय योजना बमोजिमको डिजाइन र लागत अनुमान।<br>८. समूह/सहकारीको हकमा कार्यक्रम कार्यान्वयन प्रतिवद्धता सम्बन्धी आधिकारिक बैठकको निर्णय प्रतिलिपि।<br>९. कार्यक्रम संचालन गर्नुपर्ने स्थानको जग्गाको जग्गाधनी प्रमाणपूर्जाको प्रतिलिपि वा लिजमा लिएको जग्गाको हकमा जग्गाधनी प्रमाणपूर्जा समेत करार पत्र (नोटरी पव्लिकवाट प्रमाणित) वा जग्गाधनीको सक्कल मन्जुरीनामा (कम्तीमा ५ वर्ष अवधिको) समेत।<br>१०. अन्य आवश्यक कागजातहरु : | १. रु.१० को हुलाक टिकट टाँसेको फाराम नं.२ अनुसारको प्रस्ताव/आवेदन।<br>२. आवेदकको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि।<br>३. समुह/समिति/सहकारी/व्यवसायिक फार्मले सम्वन्धित निकायमा दर्ता भएको प्रमाणको प्रतिलिपि।<br>४. स्थायी लेखा नम्वर (PAN) प्रमाणपत्रको प्रतिलिपि।<br>५. कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि।<br>६. किसान परिचयपत्रको प्रतिलिपि, तालिम, शैक्षिक योग्यताका प्रमाणपत्रका प्रतिलिपिहरु।<br>७. फा.नं. ३ अनुसारको संक्षिप्त कार्ययोजना।<br>८. जग्गाधनी प्रमाणपूर्जाको प्रतिलिपि वा लिजमा लिएको जग्गाको हकमा जग्गाधनी प्रमाणपूर्जा समेत करार पत्र (नोटरी पब्लिकबाट प्रमाणित) वा जग्गाधनीको सक्कल मन्जुरीनामा (कम्तीमा ५ वर्ष अवधिको)।<br>९. लागत प्रतिवद्धता (स्वघोषणा)।<br>१०. कृषक समुह/कृषि सहकारीको हकमा कार्यक्रम कार्यान्वयन प्रतिवद्धता (बैठक) निर्णयको प्रतिलिपि।<br>११. अन्य आवश्यक कागजातहरु : |

**पुनश्च:** सूचना तथा निवेदन/प्रस्तावको ढाँचा विज्ञ केन्द्र, सिराहाबाट प्राप्त गर्नु हुन वा कार्यालयको वेबसाईट: vhlsecsiraha.p2.gov.np बाट डाउनलोड गर्नु हुन अनुरोध छ।

**भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, सिराहा**